गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को प्रकाशन
एनआरएन पत्र
अंक १५ भदौं १६, २०७७
Sep. 1 2020, Issue 15

# विदेशमा अलपत्र परेका नेपालीलाई विना शर्त उद्धार गर्न सरकारसँग माग



गैरआवासीय नेपाली संघ (एनआरएनए) ले अन्तर्राष्ट्रिय उडान नियमित बनाउन तथा बेखर्ची भएर अलपत्र परेकाहरूलाई विना शर्त उद्धार गर्न सरकारसँग माग गरेको छ । संघका अध्यक्ष कुमार पन्तले उपप्रधान तथा रक्षा मन्त्री एवं कोभिड-१९ क्राइसिस म्यानेजमेन्ट सेन्टर (सीसीएमसी) का संयोजक ईश्वर पोखरेललाई मंगलबार ज्ञापन पत्र पठाउँदै विदेशमा अलपत्र परेका कामदारलाई वैदेशिक रोजगार कल्याणकारी कोष मार्फत उद्धार गर्न आग्रह गर्नुभएको हो ।

सरकारले सीमित संख्यामा अन्तर्राष्ट्रिय उडान गर्ने, कहिले स्थगित गर्ने निर्णय गर्दा विदेशमा अलपत्र नेपालीको उद्धारमा अनिश्चतता थपेको भन्दै संघले चार्टर उडानको भाडा अति नै महँगो रहेकोमा असन्तुष्टी जनाएको हो ।

खाडीलगायत अन्य मुलुकमा अलपत्र परेका र काम नै गुमाएर दैनिक गुजारा गर्नसम्म हम्मेहम्मे परेका नेपालीको संख्या ठूलो रहेको भन्दै संघले विदेशी भूमिमा रोग र भोकको भयमा बस्नु परेका, प्रवेशाज्ञा सकिएर अलपत्र परेका र अन्य विविध कारण विदेशमै रोकिएकाको उद्धार यथाशीघ्र गरिनुपर्नेमा जोड दिएको छ ।

परिस्थिति विषम बन्दै गएको भन्दै संघले सरकार तथा सबै दलहरू एकजुट भई स्पष्ट मार्गचित्रका साथ अगाडि बढ्न आग्रह गर्दै फर्किइसकेका नेपालीको व्यवस्थापन, रोजगारी को सुनिश्चितता जस्ता कयौं प्रश्न अझै अनुत्तरित रहेको उल्लेख गरेको छ ।

लाखौंको संख्यामा विदेशबाट फर्कने नेपालीको व्यवस्थापन माफ नेपालको अर्थतन्त्र तथा सामाजिक सन्तुलनमा असर पर्ने निश्चित रहेको भन्दै ज्ञापनपत्रमा यस संघले कोभिड-१९ को महामारी प्रभावितहरूको उद्धार गर्न एक उच्चस्तरीय समिति गठन गरी सूचना तथा राहत लगायतका काम गर्नुपर्ने माग समेत गरेको छ ।

संघले विश्वभर ५० देशमा २१ हजारभन्दा बढी स्वयंसेवक परिचालन गरी करिब ८० हजारभन्दा बढी नेपालीलाई राहत, स्वास्थ्य सामग्री तथा आर्थिक सहायता पुऱ्याइरहेको उल्लेख गरेको छ ।




# तोकिएकै समयमा अन्तर्राष्ट्रिय उडान हुने, पीसीआर रिपोर्ट अनिवार्य

**भदौ १६ देखि खुला गरिएको नियमित उडानमा यात्राका लागि सरकारले पीसीआर नेगेटिभ रिपोर्टलाई अनिवार्य गरेको छ । उडान हुनु ७२ घण्टाअघिको पीसीआर नेगेटिभ रिपोर्टको आधारमा मात्रै बोर्डिङ पास उपलब्ध गराउन मन्त्रालयले निर्देशन दिएको छ ।**

काठमाडौँ उपत्यकामा भदौ १७ सम्मका लागि निषेधाज्ञा जारी राख्ने निर्णय भए पनि नियमित उडान भने तोकिएको समयमै हुने भएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले भदौ १६ देखि नियमित तर्फको अन्तर्राष्ट्रिय उडान तालिका सार्वजनिक गरेको थियो । बुधबार मात्रै उपत्यका भित्रका तीनै जिल्लाका प्रमुख जिल्ला अधिकारीको बैठकले थप एक हप्ताका लागि निषेधाज्ञा लम्ब्याउने निर्णय गरेको थियो । उक्त निर्णयपछि पनि नियमित उडान तालिका परिवर्तन गर्नुपर्ने कुनै निर्देशन नआएकाले समयमै उडान हुने नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक राजकुमार क्षेत्रीले जानकारी दिनुभयो ।

मन्त्रालयले आगामी बुधबारदेखि एक महिनासम्मका लागि नियमित र चार्टर्डतर्फको अन्तर्राष्ट्रिय उडानको तालिका सार्वजनिक गरिसकेको छ । जसअनुसार एक महिनाको अवधि मा नियमिततर्फ ५८ वटा उडान हुनेछन् । त्यसमध्ये २९ वटा उडान नेपाली वायु सेवामार्फत हुनेछन् ।

सोमबार तय भएको चार्टर्ड उडानतर्फ आगामी बुधबारदेखि एक महिनासम्म २७ वटा उडान हुनेछन् । २१ वटा उडान स्वदेशी विमान कम्पनीले भर्नेछन् । दैनिक बढीमा पाँच सय जना यात्रु मात्र ल्याउने गरी नियमिततर्फको उडान बनाएको मन्त्रालयले जनाएको छ ।

भदौ १६ देखि खुला गरिएको नियमित उडानमा यात्राका लागि सरकारले पीसीआर नेगेटिभ रिपोर्टलाई अनिवार्य गरेको छ । उडान हुनु ७२ घण्टाअघिको पीसीआर नेगेटिभ रिपोर्टको आधारमा मात्रै बोर्डिङ पास उपलब्ध गराउन मन्त्रालयले निर्देशन दिएको छ । एउटै उडानबाट पीसीआर नेगेटिभ रिपोर्ट आएका यात्रु १४ दिनसम्म होम क्वारेन्टाइनमा बस्नुपर्ने छ । यात्रुले आफ्नो स्वास्थ्यको जानकारी अनुगमन गर्ने निकाय स्थानीय तह र त्यहाँस्थित कोभिड-१९ संङ्कट व्यवस्थापन केन्द्रलाई गराउनुपर्ने छ ।

नियमित उडानबाट आउने यात्रुले पीसीआर नेगेटिभ रिपोर्टसाथ कोभिड-१९ संङ्कट व्यवस्थापन केन्द्रको वेबसाइट (सीसीएमसी डट जीओभी डट एनपी)मा अनलाइन फारम भरेर त्यसको बारकोड वा प्रिन्ट कपी साथमा ल्याउनुपर्ने छ । यस्तो फारम छुटेको अवस्थामा बोर्डिङकै क्रममा वायुसेवाले उपलब्ध गराउनुपर्ने छ ।

# स्वदेश फर्किने नागरिकका लागि "होटल क्वारेन्टाइन" सम्बन्धी मापदण्ड तोकियो




विश्वव्यापी महामारी कोरोना संक्रमणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश फर्किने नेपालीका लागि व्यवस्था गरिएका होटल 'क्वारेन्टाइन' सम्बन्धी मापदण्ड तोकिएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौँले सबै होटललाई क्वारेन्टाइनका रूपमा व्यवस्था गर्न नसकिने जनाउँदै त्यसका लागि न्यूनतम मापदण्ड तोकेको हो ।

स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्ने गरी कम्तीमा २० कोठा भएको हुनुपर्ने छ । त्यस्तै होटल परिसरमा छुट्टै गेट वा कम्पाउन्ड भएको, घुमफिर गर्न सक्ने बगैँचा वा खुला स्थान हुनुपर्ने छ । होटल क्वारेन्टाइनमा बसेकाहरूलाई खाना, खाजा र पानी लगायतका सुविधा, स्वाब संकलनका लागि होटल परिसरमा खुला स्थान अनिवार्य हुनुपर्ने छ ।

होटलमा बाथरूम सहितको कोठा, इन्टरनेट, टीभी, नुहाउन २४ घण्टा तातोपानी, कोठा तथा प्यासेजमा मात्र खाना, नास्ता लगायतका सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था, हात धुने साबुनपानी, सेनिटाइजर अनिवार्य गरिएको छ । टाबेल, टुथपेस्ट, साबुन, स्याम्पु, ब्रस कम्तीमा हप्ता दिनसम्म पुग्ने गरी कोठाभित्र नै व्यवस्था गर्नुपर्ने छ ।

होटलमा रहेका जिम तथा शारीरिक व्यायाम, साउनालगायत भीडभाड हुने कुनै पनि सेवा सञ्चालन गर्न पाइने छैन ।

होटल क्वारेन्टाइनमा सात दिन बस्ने नागरिकका लागि होटल एसोसिएसन नेपाल (हान) र होटल व्यवसायी महासङ्घले निर्धारण गरेको सात रात आठ दिनको प्याकेजअनुसार दुई जना बस्ने कोठाका लागि प्रतिव्यक्ति ११ हजार (एकमुष्ट २२ हजार) र एक जना बस्ने कोठाका लागि एकमुष्ट १७ हजार पाँच सय रूपियाँ तिर्नुपर्ने हुन्छ ।

यो शुल्कमा होटलले नै विमानस्थलदेखि होल्डिङ सेन्टर एवं होटलसम्म पिकअपको खर्चसमेत समावेश गरिएको छ ।

उद्धार उडानबाट आएका नागरिकले सामान्यदेखि तारे होटलसम्म 'सिङ्गल वा डबल रूम' बुकिङको हरियो, निलो र बैजनी रङको भौचर अनिवार्य साथमा बोक्नुपर्ने छ । काठमाडौँ उपत्यकाका करिब डेढ सय होटललाई क्वारेन्टाइनका रूपमा रूपान्तरण गरिएको छ ।

तीन तारे वा सोभन्दा माथिल्लो स्तरका होटलमा बस्नेहरूका लागि नेपाल होटल सङ्घ र होटल व्यवसायी महासङ्घले विमानस्थलदेखि होटलसम्म पुर्‍याउन आवश्यक व्यवस्थापन गर्ने जनाइएको छ ।

# यूएईबाट काठमाडौंका लागि थप उडान

संयुक्त अरब एमिरेट्स् (यूएई) बाट काठमाडौँका लागि थप उडान तय भएका छन् । कोरोना महामारीका कारण यूएईमा समस्यामा परेका नेपालीलाई स्वदेश ल्याउन यही अगष्ट १७ देखि अगष्ट ३१ भित्रमा १५ वटा उडान तय भएको आबुधावीस्थित नेपाली दूतावासले जनाएको छ ।

दूतावासले सार्वजनिक गरेको तालिका अनुसार यूएईबाट नेपाल एयरलाइन्स, हिमालयन एयरलाइन्स र विदेशी कम्पनी एयर अरेबिया, फ्लाई दुबई र ईत्तिहाद एयरले उडान भर्नेछन् ।

तालिका अनुसार यसबीचमा नेपाल एयरलाइन्सले दुबई अन्तर्राष्ट्रिय विमानस्थलबाट अगष्ट १७, २१, २५, २७, २९ र ३१ गरी जम्मा ६ वटा उडान भर्नेछ । त्यस्तै हिमालय एयरलाइन्सले आबुधावी अन्तर्राष्ट्रिय विमानस्थल बाट अगष्ट २५, २७, २९ र ३१ गरी चारवटा उडान गर्नेछ । एयर अरेवियाले शारजाह अन्तर्राष्ट्रिय अगष्ट २५ तथा ३१, फ्लाई दुवईले दुबई अन्तर्राष्ट्रिय विमानस्थलबाट अगष्ट १७ र २० तथा ईत्तिहाद एयरले आबुधावी अन्तर्राष्ट्रिय विमानस्थलबाट अगष्ट २७ मा एक उडान भर्ने दूतावासले जारी गरेको तालिकामा उल्लेख छ ।

## नेपाल फर्कनका लागि के गर्नुपर्छ ?

उद्धार उडानमार्फत नेपाल फर्कन यसअघि जुलाई १२ तारिख तथा १३ अगष्टमा दूतावासले सार्वजनिक गरेको सूचीमा नाम समावेश भएको हुनुपर्नेछ । सूचीमा परेका व्यक्तिहरूले मात्रै टिकट काट्न सक्ने पाउनेछन् ।

स्वदेश फर्कने व्यक्तिले हवाई उडान गर्नु अगाडि कोभिड संक्रमण नभएको परीक्षण गरेको पिसीआरआरडिटी वा अन्य कुनै स्वीकृत प्राप्त चिकित्सकबाट कोरोना लक्षण नदेखिएको फिट टु फ्लाइट प्रमाणपत्र ७ दिन म्याद सहितको प्रस्तुत गर्नुपर्नेछ । त्यस्तै कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी) को वेभसाइटमा राखिएको विदेशबाट नेपाल फर्किने व्यक्तिले भर्नुपर्ने फारम भरी त्यसबाट प्राप्त हुने बारकोड प्रिन्ट गरेर आफ्नो साथमा राख्नुपर्नेछ ।

# क्वालालम्पुरबाट काठमाडौँको लागि नियमित उडान पुन सञ्चालन हुने

मलेसियाको राजधानी क्वालालम्पुरबाट काठमाडौँको लागि नियमित उडान पुन सञ्चालन हुने भएको छ । काठमाडौँको लागि चार एयरलाइन्सका १३ उडानको मिति तय भएको छ । पहिलो दिन मलिन्डो एयरलाइन्सले क्वालालम्पुरबाट काठमाडौँको लागि सेप्टेम्बर २, १६, ३० तारिकमा उडान गर्ने भएको छ ।

हिमालय एयरलाइनसले सेप्टेम्बर ४,११,१८, र २५ तारिक मा उडान गर्ने तय भएको छ । नेपाल एयरलाइन्सले २३, ३०,२१, २८ तारिकमा उडान गर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख छ । यसै गरी मलेसियन एयरलाइनसले सेप्टेम्बर ९ र २३ तारिकमा उडान गर्नेछ ।

हवाई जहाजको टिकट काटेर बसेका वा उक्त उडानमार्फत नेपाल फर्कन चाहने व्यक्तिले हवाई सेवा कम्पनी वा आफूले टिकट लिएको ट्राभल एजेन्सीमा सम्पर्क गरी आफनो टिकटको व्यवस्था गर्न दूतावासले अनुरोध गरेको छ । कोभिड-१९ को पीसीआर नेगेटिभ रिपोर्ट भएका व्यक्तिहरूले मात्र यात्रा गर्न पाउनेछन् । उक्त रिपोर्ट (७१ घण्टा) ३ दिन भित्रको हुनुपर्नेछ ।

कोभिट-१९ को पीसीआर परीक्षणबाहेक अन्य परीक्षण मान्य नहुने बताइएको छ । यात्रा गर्नुपूर्व सीसीएमसीको वेभसाइटमा उपलब्ध अनलाइन फाराम भरेर उक्त फाराम प्रिन्ट गरेर साथमा राख्न दूतावासले आग्रह गरेको छ ।

# उद्धार उडान पुनः सुरू

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विदेशमा समस्यामा परेका नेपालीको स्वदेश फिर्ती तथा उद्धार उडान पुनः सुरू भएको छ । भदौ ९ गते मङ्गलबारदेखि दैनिक पाँच सय नेपालीलाई स्वदेश फिर्ती वा उद्धार गरिने तालिका सार्वजनिक गरी उडान थालिएको हो ।

नयाँ तालिकाअनुसार भदौ ९ गते साउदी अरेबियाबाट एयर अरेबियाले उडान भरेको थियो । यस्तै १० गते आबुधाबीबाट फ्लाई दुबईले उडान भरेको थियो । यस्तै ११ गते नेपाल एयरलाइन्सले रियादबाट, हिमालयन एयरलाइन्सले दम्मामबाट र टर्किस एयरले इस्तानबुलबाट उद्धार उडान गरेका थिए । टर्किस र कतार एयरलाइन्सले एक पटकमा एक सय जना भन्दा बढी यात्रु ल्याउन नपाउने नियम छ ।

यस्तै १२ गते नेपाल एयरलाइन्सले क्वालालम्पुरबाट, हिमालयनले पनि क्वालालम्पुरबाटै र कतार एयरवेजले दोहाबाट, भदौ १३ गते सिल्क एयरले अस्ट्रेलिया र कोरियन एयरले कोरियाबाट उडान हुने भएको हो ।

यस्तै १४ गते नेपाल, हिमालयन र मालिन्दो एयरलाइन्सले क्वालालम्पुरबाट एकसाथ उडान गर्नेछन् भने १५ गते नेपालले दुबई र हिमालयनले आबुधाबीबाट उडान गर्ने तालिका सार्वजानिक भएको छ । यससँगै भदौ १६ गते नेपाल एयरलाइन्सले कतार र दुबईबाट र हिमालयनले कतारबाट उद्धार उडान गर्ने तालिका सार्वजनिक गरिएको छ । उद्धार उडानका लागि यात्रुहरूले पीसीआर रिपोर्ट ल्याउनुपर्ने, पीसीआर टेस्ट गरेका र नगरेकालाई एकै ठाउँमा राख्न नपाउने, विदेशबाट आउने यात्रुले सात दिन होटल क्वारेन्टाइनमा अनिवार्य बस्नु पर्नेछ ।

पीसीआर परीक्षण सहज भएका मुलुक मलेसिया, यूएई, दक्षिण कोरिया, थाइल्यान्ड, जापान, चीन, हङकङ, अस्ट्रेलिया, अमेरिका, क्यानडा र युरोपेली मुलुकबाट नेपाल सरकारको निर्णयअनुसार नेपाल आउन अनुमति भएका नेपाली नागरिक र नेपालस्थित विदेशी नियोगका कूटनीतिज्ञ तथा कर्मचारी, संयुक्त राष्ट्रसंघ विकास साझेदार संस्थाका कर्मचारी तथा प्रतिनिधिलाई मात्र नेपाल ल्याउने गरी नियमित उडान खोलिने पनि जनाइएको छ ।

पीसीआर परीक्षण सहज नभएका मुलुकहरु जस्तै- साउदी अरब, कुवेत, कतारलगायत अन्य मुलुकबाट नियमित उडान बाट यात्रु ल्याउन नपाइने व्यवस्था गरिएको छ । त्यस्ता मुलुक र नियमित उडानका लागि अनुमति नभएका श्रमिक रहेका मुलुकबाट सम्बन्धित नेपाली कूटनीतिक नियोगबाट सिफारिस भएको नामावली बमोजिमका यात्रुका लागि चार्टर उडान हुनेछन् ।

## दैनिक ५ सय जनाको मात्रै उद्धार गर्ने सरकारी नीति पुर्नविचार गर्न आग्रह

गैरआवासीय नेपाली संघ (एनआरएन) ले दैनिक ५ सय जनाको मात्रै उद्धार गर्ने सरकारी नीति पुर्नविचार गर्न सरकारको ध्यानाकर्षण गराएको छ । संघले विज्ञप्ति जारी गर्दै सरकारको पछिल्लो निर्णयले विदेशमा अलपत्र र समस्यामा परेका नेपाली काम-दार लगायत अन्य विविध प्रयोजनले विदेश गएका तर उतै रोकिएका नेपालीको उद्धारमा थप ढिलाई जनाएको हो ।

विशेषगरी मध्यपूर्वमा अलपत्र नेपाली यस निर्णयबाट बढी प्रभावित हुने संघ अर्न्तगतको वैदेशिक रोजगार समितिका संयोजक तथा उपाध्यक्ष डा बद्री केसीले बताउनुभयो । विदेशमा रहेका नेपालीको जतिसक्दो छिटो उद्धार गर्नु पर्नेमा पछिल्लो निर्णयले थप समस्या थप्ने भएकाले उद्धार अभियानलाई तीव्र गतिमा अघि बढाउन सरकारलाई आग्रह गरेको उहाँले बताउनुभयो ।

यसअघि सरकारले विदेशस्थित कूटनीतिक नियोगको सिफारिसमा ३ सय र वैदेशिक रोजागार कल्याणकारी कोषबाट खर्च व्यहोर्ने गरि २ सय जना गरेर जम्मा ५ सय जनालाई मात्रै उद्धार गर्ने जनाएको थियो ।

# एनआरएनए कतारद्वारा २० औं चरणको राहत वितरण, साढे ६ हजार भन्दा बढी नेपाली लाभान्वित

विश्वव्यापी महामारी कोरोना भाइरसका कारण समस्यामा परेका नेपालीलाई गैरआवासीय नेपाली संघ कतारले राहत वितरण जारी राखेको छ । गैरआवासीय नेपाली संघ कतार द्वारा गठित उद्दार तथा राहत वितरण समितिले कतार सरकार को गृह मन्त्रालयमार्फत (कतार च्यारिटीबाट) प्राप्त तथा कतार मा स्थापित नेपाली संघ संस्थाहरूको सहकार्यमा राहत वितरण गरिएको हो ।

२० औं चरणमा जारी सो च्यारिटीमार्फत हालसम्म ६ हजार ५ सय ९० जना नेपाली लाभान्वित भएको एनआरएनए कतार का अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानले जानकारी दिनुभयो ।

राहत वितरण कार्यक्रममा प्रत्यक्ष सहभागी नेपाली दूतावास परिवार, एनआरएनए आईसीसी सदस्य रमेश भट्ट, एनआरएनए मानार्थ सदस्य बिल गुरूङ, एनआरएनए एनसीसी सल्लाहकार रमजान अलि मिँया एनसीसी अध्यक्ष मोहम्मद मुक्तदा मुसलमान, एनसीसी उपाध्यक्ष एवं उद्दार समितिका संयोजक उत्तम गुरूङ लगायत सक्रिय रूपमा खटिरहेका छन् ।

# कोभिड-१९ जोखिम व्यवस्थापन समितिलाई सर्जिकल मास्क हस्तान्तरण

गैरआवासीय नेपाली संघले छाउनी स्थिति कोभिड-१९ जोखिम व्यवस्थापन समितिलाई १० हजार थान सर्जिकल मास्क सहयोग स्वरूप प्रदान गरेको छ । राष्ट्रिय समन्वय परिषद् मकाउको सहयोगमा प्राप्त मास्क संघका उपाध्यक्ष सोनाम लामाले समितिका प्रतिनिधीहरूलाई हस्तान्तरण गर्नुभएको हो ।









# एनआरएनले घुम्ती रगत बस सञ्चालन गर्ने

एनआरएनको घुम्ती रगत बस परियोजना बारे गैरआवासीय नेपाली संघले नेपाल रेडक्रस सोसईटी चितवनसँग सहकार्य गरि मौसम प्रतिकुलताको बेलामा पनि रगत संकलन गर्नको लागि "घुम्ती रगत बस परियो जना" (Mobile Blood Bus Project) सञ्चालन गर्न लागेको छ । यस परियोजनाले रगतको संकलन तथा भण्डारणमा सहज बनाई रगतको व्यवस्थापनलाई गुणस्त-रीय र सर्व-सुलभ बनाउन मद्दत गर्नेछ ।

गैरआवासीय नेपाली संघका अध्यक्ष कुमार पन्तको नेतृत्व तथा सचिव गौरी राज जोशीको संयोजकत्वमा रहेको यस परियोजनाको लागि स्वास्थ्य सामाग्री सहितको बस बनाउनको लागि सम्झौता भई सकेको छ । परियोजना आगामी अक्टोबरमा क्षेत्रीय रक्तसंचार सेवा भरतपुरलाई हस्तान्तरण हुने छ । नेपाल बाहिर रहेर पनि आफ्नो देशप्रतिको जिम्मेवारी पुरा गर्न धेरै गैरआवासीय नेपालीहरूले नेपालमा आर्थिक श्रोत तथा प्राविधिक ज्ञान र सीपको लगानी गरेका छन् । "नेपालीका लागि नेपाली" भन्ने भावना लाई आत्मसात गर्दै गैरआवासीय नेपाली संघले रक्तसंचार पद्धति कार्यदल स्थापना गरेको हो ।

यस कार्यदलले नेपालमा रगत सेवालाई गुणस्तरीय र सर्व-सुलभ बनाउनको लागि रक्तसंचार क्षेत्रमा विभिन्न कार्यक्रम तथा परियोजनाहरू सञ्चालन गद आएको छ ।

# थालासेमिया पिडितलाई ५० हजार सहयोग

कोरोना महामारीको समयमा नेपालमा थालासेमिया पिडितलाई रू ५० हजार सहयोग गरिएको छ । गैरआवासीय नेपाली संघ रक्तसंचार समितिका संयोजक फणिन्द्र पन्त र उनका दाई भरत पन्तद्वारा आफ्नो पिताको १३ औं पुण्य तिथिको दिनमा सहयोग स्वरूप सो रकम नेपाल थालासेमिया सोसाईटीलाई प्रदान गर्नु भएको हो ।

उक्त रकम गैरआवासीय नेपाली संघका उपाध्यक्ष तथा लोक कल्याणकारी विभागका प्रमुख सोनाम लामाले सोसाईटीका अध्यक्ष दुर्गा पाठकलाई हस्तान्तरण गर्नु भएको थियो । कार्यक्रममा संघका प्रमुख कार्यकारी निर्देशक राजेश राणा र सहायक कार्यक्रम अधिकृत कुनाल मिश्रा तथा सोसाईटीका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।






# “किन हुन्छन् सुतेको सुतै”?

विशेष गरेर मध्यपूर्वको मुख्य समस्याको रूपमा रहेको र अहिलेसम्म पनि कसैबाट खासै चासो को रूपमा नहेरिएको हृदयघातका बारेमा **NRNA Global Health team**ले एक विशेष कार्यक्रम सम्पन्न गरेको छ । वैदेशिक रोजगारका सिलसिलामा रोजगारीको मुख्य उद्गम बिन्दु रहेको मध्यपूर्वका देशहरूमा धेरै जसो नेपाली हरू दैनिक रूपमा काम सकेर सुतेको र बिहान सुतेकै अवस्थामा मृत्यु भई नउठेको तितो सत्य खबर नेपालीहरूको माझमा कुनै नौलो खबर भने होइन । यसै गम्भीर विषयका बारे मा विस्तृत जानकारी मुलक कार्यक्रम गर्ने उद्देश्यका साथ मध्यपूर्व एनआरएनए राष्ट्रिय समन्वय परिषदका अध्यक्षहरू तेजबहादुर थापा साउदी अरब र मोहम्मद मुत्तदा कतारको मुख्य अनुरोध बमोजिम **NRNA Global Health team** का डाक्टर सन्जिव सापकोटा र डाक्टर नितेश अर्यालद्वारा उक्त कार्यक्रमको आयोजना गरिएको थियो ।

'किन हुन्छन् सुतेको सुतै' ? भन्ने मूल विषय लाई लिएर गरिएको एनआरएनए अनलाइन कार्यक्रमको मुख्य वक्ताहरूमा नेपालका ख्यातिप्राप्त मुटुरोग विशेषज्ञ डाक्टर भगवान कोइराला ले आफ्नो अनुभव राख्दै यसबाट बच्न सकिने उपायहरूका बारेमा विस्तृत जानकारी दिनु भयो । उहाँका अनुसार यसको मुख्य कारण हृदयघात नै भएतापनि अन्य मुटुको समस्याहरू नै हुन् । जस्तै जन्मजात मुटुको धड्कन चल्ने करेन्टको समस्या **(BRUGADA SYNDROM)** मुटुको मांसपेशीहरू खराब हुने समस्या **(Cardiomyopathic),** कहिलेकाही मुटु लाई चलाउन चाहिने तत्वहरू जस्तै पोटाशियम कमी हुनु, (जुन सामान्यतया धेरै पसिना बगाउँदा र शरीरमा पानी को कमीले देखिन्छ) साथै ब्लड प्रेसर, सुगर, औषधी नियमित रूपमा नखाने, शारीरिक व्यायाम नियमित रूपमा नगर्ने तथा मदिरा जन्य र चुरोट खानेहरू व्यक्तिहरू मा अति धेरै खतरा हुने डाक्टर कोइरालाले जानकारी दिनुभयो ।

कार्यक्रममा विगत आठ वर्षदेखि कतारमा विशेषज्ञ चिकित्सक भएर काम गरि राख्नु भएका डाक्टर नितेश अर्यालले भन्नुभयो, "त्यस्ता व्यक्तिहरू जसको वैदेशिक रोजगारमा आएको केही वर्षमैं उल्लेख्य मात्रामा वजन बढ्ने जसले गर्दा ब्लडप्रेशर तथा सुगर कलिलो उमेरमै देखिने, साथै त्यस्ता व्यक्तिहरूलाई औषधी नियमित खानु पर्छ भन्दा पनि अटेर गर्नेहरू मध्य मा




यस्तो समस्या बढी हुने गरेको तथा भर्खर नेपालबाट आएका हरू मध्ये जन्मजात मुटुको समस्या हुने जुन सामान्यतया **Medical Checkup** गर्दा छुट्ने यस्ता व्यक्तिहरूमा पनि हृदयघातको हुने खतरा हुने गर्दछ । त्यस्तै परिवारको कुनै सदस्यमा **Sudden Cardiac Death** भएको छ भने उसको परिवारका अन्य सदस्यहरूलाई पनि खतरा हुने हुनाले बेलैमा सावधानीका उपायहरू अपनाउनु पर्छ ।"

कोही व्यक्तिहरू आफूलाई भएको सानो सानो समस्या जस्तै छाती दुख्ने, स्या-स्या हुने, चक्कर आउने जस्ता कुरा मतलब नगर्ने र चिकित्सकको परामर्श नलिनेहरूलाई पनि मुटुको समस्या हुनसक्ने चिकित्सकहरूले बताउनुभयो । साथै अहिले भइराखेको अध्ययनमा अत्याधिक चिसो वातावरणमा पनि हृदयघात हुन सक्ने खतरा देखिएको हुँदा कतिपय नेपालीहरू वैदेशिक रोजगारमा अत्याधिक रक्सी सेवन गरी आफ्नो कोठा धेरै चिसो बनाई सुतेको अवस्था पनि आफैंमा एउटा खतरा हुन सक्ने

कुरा को बारेमा पनि अध्ययन गर्नुपर्ने कुरा डाक्टर अर्यालले अबगत गराउनु भयो । कार्यक्रमका **Heart Association ko CPR certified trainer** डाक्टर सन्जिव सापकोटाले भन्नभयो, "व्यक्ति या आफ्नो अगाडि ढलेर मुटुभन्दा भएको अवस्थामा कसरी प्राथमिक उपचार गर्ने भन्ने सम्बन्धमा प्रत्यक्ष रूपमा आफ्नो अमेरिकास्थित ल्याबबाट प्रदर्शन गरेर देखाउनु भएको थियो । उहाँको यो प्राक्टिकल जानकारीबाट धेरै नेपालीहरूलाई एम्बुलेन्स नआउँदासम्म कसरी त्यस्ता व्यक्तिलाई बचाएर राख्न सहयोग पुर्याउने बारेमा अवगत गराउनु भयो ।"

कार्यक्रमको अन्त्यमा डाक्टर भगवान कोइरालाले ने पालीहरूको लागि आफ्नो तर्फबाट गर्न सक्ने सहयो गको लागि आफू सदैव तयार रहेको भन्दै यो कार्यक्रम गरेकोमा एनआरएनएलाई धन्यवाद दिनुभयो । उक्त कार्यक्रममा साउदी अरब बाट उपस्थित एनआरएनए आईसीसी तथा **NRNA Global Health team** सदस्य यासमिन बेगम् सैयद ,एनसीसी साउदी अरबका अध्यक्ष तेजबहादुर थापा तथा एनसीसी कतार का अध्यक्ष मोहम्मद मोक्तदा तथा ओमानका एनसीसी अध्यक्ष सेवंत पुन पुर्जा लगायत उपस्थित थिए ।



# दुबईमा अड्किएका २६२ नेपाली काठमाडौं आइपुगे

दुबईमा अड्किएका २६२ नेपाली उद्धार उडानमार्फत स्वदेश फर्किएका छन् । चाटर्ड उडान रोकिएपछि दुबई विमानस्थलमा अड्किएका नेपाललीलाई नेपाल वायु सेवा निगम (नेपाल एयर लाइन्स) को वाइड बडी ए-३३० जहाजले काठमाडौं ल्याएको हो ।

निगमको जहाजले दुबईबाट २६२ यात्रु र दुई बच्चा काठमाडौं ल्याएको निगमका अपरेशनल विभाग प्रमुख दीपु जुहार्चनले जानकारी दिनुभयो । उक्त जहाजले काठमाडौंबाट दुबुई उडान मा १६४ यात्रु र एक बच्चा लगेको थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयको स्वीकृतिमा निगमले काठमाडौं-दुबईका लागि रद्द उद्धार उडान सञ्चालन गरेको हो । निगमको गत १८ अगष्टका लागि दुबईबाट काठमाडौंका लागि तय गरिएको उडान यात्रुलाई काठमाडौं मा क्वारेन्टिनको व्यवस्थापन नभएको भन्दै सरकारले स्थगित गरेको थियो । निगमको वाइड बडी जहाज दुबईबाट रित्तै काठमाडौं फर्किएको थियो ।


उडानका लागि दुबई एयरपोर्टमा तयारी अवस्थामा रहेका यात्रु अलपत्र परेका थिए । उक्त दिन दुबईबाट काठमाडौं उडानका लागि टिकट लिइसकेका यात्रुलाई आज काठमाडौं ल्याइएको हो । हालैको मन्त्रिपरिषद् वैठकले उद्धार उडान सञ्चालन गर्न अनुमति दिएको थियो ।


# विदेशमा मात्रै १९२ नेपालीको कोरोनाका कारण मृत्यु

विश्वव्यापी महामारी कोरोना भाइरस (कोभिड १९) संक्रमण बाट यो साता विदेशमा थप १ जना नेपालीको निधन भएको छ । गैरआवासीय नेपाली संघ अन्तर्गतको स्वास्थ्य समितिका अनुसार यो साता लग्जर्म्वमा थप १ जनाको निधन भएको हो । समितिका अनुसार शनिवार साँझ सम्म विदेशमा मात्र १६ देशमा १९२ जना नेपालीहरूको निधन भएको छ । स्वास्थ्य समितिका अनुसार यो साता पनि अष्ट्रेलिया, स्पेन, बेल्जियम, भारत, माल्टा, कतार र साउदी अरब लगायतका देशमा कोरोना संक्रमण सामान्य वृद्धि भएको हो । विश्वका ३८ देशमा रहेका नेपालीहरू कोरोना भाइरसबाट संक्रमित भएको समितिले जनाएको छ ।

स्वास्थ्य समितिका संयोजक डा. संजीव सापकोटाका अनुसार अष्ट्रेलिया र युरोपका केही देशमा कोभिड १९ को दोस्रो वेभ (दोस्रो लहर) सुरू भइसकेको छ । सापकोटाले कोरोना भाइरसको संक्रमण विश्वव्यापी रूपमा फैलिरहेको अवस्थामा सबै नेपाली समुदायलाई सजक रहन आग्रह गर्नुभयो । कोरोना भाइरसका कारण बेलायत, युएई, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्याण्ड, जापान, टर्की नेदर-ल्याण्ड, स्वीडेन, भारत, साउथअफ्रिका लगायत १६ देशमा रहेका नेपालीहरूको ज्यान हो । हाल सम्म नेपाल बाहेक विदेशमा मात्र ३४ हजार ३ सय १ जनामा कोरोना संक्रमण देखिएको छ । तीमध्ये ९३.५ प्रतिशत अर्थात ३२ हजार २ सय ५३ जना कोरोना संक्रमणबाट मुक्त भएको समितिले जनाएको छ ।

यस्तै नेपालमामात्र ३१ हजार १ सय १७ जना कोरोना भाइरसबाट संक्रमित भएका छन । ती मध्ये १८ हजार भन्दा बढी कोरोना मुक्त भएका छन् । संक्रमणबाट मुक्त हुने संख्याको ५९ प्रतिशत रहेको छ । नेपालमा शनिबार साँझसम्म १४६ जनाको कोरोनाका कारण ज्यान गएको छ ।



# एनआरएनए युरोप क्षेत्रका महिला संयोजकहरूको बैठक सम्पन्न

**बैठकले विभिन्न १० बुँदे निर्णय गर्दै लकडाउन डायरी र महिला आवाज प्रकाशन गर्ने निर्णय गरेको छ ।**

एनआरएनए युरोप क्षेत्रका महिला संयोजकहरूको बैठक सम्पन्न भएको छ । भर्चुअल रूपमा आयोजित बैठकको अध्यक्षता युरोप क्षेत्रकी संयोजक योगिता थापाले गर्नुभएको थियो । बैठकले विभिन्न १० बुँदे निर्णय गर्दै लकडाउन डायरी र महिला आवाज प्रकाशन गर्ने निर्णय गरेको छ ।

बैठकमा उपाध्यक्ष रबिना थापाले महिला तथा युवा विभागका गतिबिधिबारे, महिला कल्याणकारी कोष र बिभागका परियो-जना संबन्धि विषयमा जानकारी गराउनुभयो । साथै उपाध्यक्ष थापाले बैठकमा एनसीसी महिलाहरूको लागि कामको थप जिम्मेवारी पनि दिनुभयो । त्यसैगरी एनआरएनए महिला संयो जक भोमा देवी लिम्बुले महिला फोरमको सबै ६ वटा क्षेत्रमा भएका गतिविधिहरू तथा बिशेष गरि महिला हिंसा र कोभिड १९ का बेला भएका समस्या र गरिएका गतिविधिहरू बारेमा जानकारी गराउनु भएको थियो ।

बैठकमा हरेक एनसीसी महिला संयोजकहरूले आफ्नो देशको गतिबिधी र अन्य सरोकारका विषयमा जानकारी दिनुभयो। विशेषगरी सो मुलुकहरूमा भएका महिला हिंसाको अवस्था, कोभिड-१९ को अवस्था र अन्य नियमित गतिविधिबारे जानकारी गराउनु भएको थियो ।

### बैठकले गरेका मुख्य निर्णय

बैठकले महिला तथा युवाहरूको लागि आर्थिक सहायता संकलन कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ । संकलित रकम महिला र युवाका अन्य गतिविधिमा खर्च गर्ने र त्यसका लागि जर्मनीकी सुनिता थापा क्रान्हले संयोजन गर्ने निर्णय गरिएको छ । यस्तै महिलाहरूको विषय समेटेर कोभिड-१९ लकडाउन डायरी प्रकाशन गर्ने यसका लागि युरोपमा योगिता थापाले संयोजन गर्ने, महिला आवाज (Women Voice) नियमित प्रकाशन गर्ने, सामूहिक व्यवसाय गर्न छलफल र पहल गर्ने निर्णय बैठकले गरेको छ ।

यसैगरी महिला सशक्तिकरण र महिला चेतनशील कार्यक्रम सञ्चालन गर्ने । यसको संयोजन फ्रान्सकी मिली उपाध्याय कोइरालाले गर्ने निर्णय भएको छ । हरेक क्षेत्रमा महिला डाटाबेस तयार गर्ने, वैदेशिक रोजगारी र अध्ययन गर्न आउने महिलाहरूको लागि सम्बन्धित देशबारे जानकारी मुलक कार्यक्रम सञ्चालन गर्ने र यसको संयोजन योगिता थापाले गर्ने निर्णय गरिएको छ ।

यसबाहेक महिला नेतृव विकासका लागि नियमित छलफल र गतिविधि बढाइने र नेतृत्व विकासको लागि आपसी सहयोग गर्ने, सबै विषयलाई बृहत तथा सफल रूपमा संचालन गर्नको लागि युरोप क्षेत्रको अर्को बैठक छिट्टै गर्ने, एनसीसी महिला फोरम गठन नभएका देशमा सो को गठन गर्ने निर्णय गरि एको छ ।

बैठकमा एनआरएनए महिला उपाध्यक्ष रबिना थापा, महिला संयोजक भोमा देवी लिम्बुको उपस्थित रहेको थियो । यस्तै युरोप क्षेत्रका एनसीसी महिला संयोजकहरू दुर्गा थापा केसी (लक्जम्बर्ग, सुशिला खतिवडा (बेल्जियम, सुमी गुरूङ (स्पेन, सुशिला थापा (पोर्चुगल, सुनिता थापा क्रान्ह (जर्मनी, मिली उपाध्याय कोइराला (फ्रान्स हुनुहुन्थ्यो ।

# साउदीमा अलपत्र नेपाली भन्छन्, आत्महत्या गर्ने स्थिति आइसक्यो, तत्काल उद्धार होस्

> उद्धार नहुने हो भने हामीसँग आत्महत्या गर्नुको विकल्प छैन, परिवार पाल्न गएको हो । मैले घरबाट ६० प्रतिशत व्याजमा रकम मगाएको छु, सबैको रकम मगाउन सक्ने अवस्था छैन ।

सर्वोच्च अदालतले वैदेशिक रोजगार कल्याणकारी कोषको रकम प्रयोग गरी कोरोना भाइरस संक्रमणका कारण विदेशमा रोजगारी गुमाएका कामदारको उद्धार गर्न सरकारलाई आदेश दिएपनि अलपत्र कामदारहरूले घर फर्किन ६० प्रतिशत व्याजमा ऋण खोज्न बाध्य भएको बताएका छन् ।

गत साउन ५ गते वैदेशिक रोजगारीका क्रममा अलपत्र काम-दारलाई स्वदेश फिर्ता गर्न सरकारले जारी गरेको निर्देशिका २०७७ मा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गई अलपत्र परेका कामदारलाई सम्बन्धित मुलुकको सरकार, रोजगारदाता, रोजगारीमा पठाउने ईजाजतपत्रवाला वा अन्य श्रोतबाट नेपाल फर्किने खर्च नपाएका कामदारहरूलाई वैदेशिक रोजगार कोषको रकम खर्च गरेर स्वदेश फर्काउने उल्लेख छ ।

तर अलपत्र परेर घर फर्किन नपाएका कामदारहरूले त्यसबारे मा जानकारी पाएका छैनन् । उनीहरूले घर फर्किने टिकटका लागि ६० प्रतिशतसम्म व्याजमा ऋण काटेर पठाउन परिवार लाई दवाब दिइरहेका छन् । करिब एक दर्जन कामदार मंगलबार वैदेशिक रोजगार पत्रकार समाजको अन्तरक्रियामा सहभागी भए । साउदी अरबको जेद्धास्थित हल हाइवर कम्( पनी मा कार्यरत नेपाली कामदारहरूले आफुहरू विगत ६ महिना देखि बेरोजगार रहेको बताएका छन् । उक्त क्याम्पमा



बसेका झापाका राजु मुर्मु साथीहरूबाट सापटी खोजेको खुद्रा रकमबाट दिनको एक रियालमा पाइने रोटी र नुन खाएर गुजारा चलाएको बताउँछन् । उनका अनुसार कोरोना भाइरस संक्रमण बढेपछि नेपाली दूतावासको पहलमा कम्पनीले उनीहरूलाई शुरूमा जहाज टिकटका लागि ८ सय रियाल (करिब २५ हजार रूपैयाँ) दिएको थियो । तर नेपाल सरकारले जेद्धाबाट नेपाल आउने चार्टर फ्लाईटको जहाज भाडा ७१ हजार ५ सय तोके पछि अलपत्र कामदारहरू थप चिन्तित बनेका छन् ।

मुर्मु भन्छन्, 'उद्धार नहुने हो भने हामीसँग आत्महत्या गर्नुको विकल्प छैन, परिवार पाल्न गएको हो । मैले घरबाट ६० प्रतिशत ब्याजमा रकम मगाएको छु, सबैको रकम मगाउन सक्ने अवस्था छैन ।' जाजरकोटबाट सो कम्पनीमा रोजगारीका लागि गएका वीरसिंह खत्री विगत ६ महिनादेखि भिसाविहीन छन् । उनी भन्छन्, 'मार्चमा भिसा अवधि सकियो, ३ महिना अघि जनवरीबाट लकडाउन शुरू भएको थियो । शुरूमा नेपाली दूतावासले एक बोरा चामल दिएको हो, त्यसबाहेक केही पाएका छैनौं ।' उनलाई कम्पनीले एक्जीट पर्मिट दिएपनि पासपोर्ट दिएको छैन । उल्टो अकामाको अवधि बाँकी भएको भन्दै ४ हजार रियाल (सवा लाख रूपैयाँ) भन्दा बढी मागिरहे को छ ।

यस्तै समस्या छ, नवलपरासीका नारायण चौधरीको भन्छन्, ' पासपोर्ट माग्न जाँदा अकामा साढे ५ महिना अवधि बाँकी छ भनेर ६ हजार ३ सय १ रियाल मागेको छ । ४ दिन बाँकी रहेकालाई पनि कम्पनीले ५ हजार रियाल मागेको छ । खाने खर्च छैन कसरी कम्पनीलाई पैसा दिनु ।'

कम्पनीले दिएको ८ सय रियाल मध्येबाटै अधिकांश कमदार हरूले २ सय ३० रियाल खर्च गरेर कोरोना परीक्षण गराएका छन् । केही रकम पसलको उधारो तिरेको उनीहरू बताउँछन् । कोरोना संक्रमणका कारण काम बन्द भएपछि कम्पनीले तोकेको बेसिक तलव पनि नदिएको उनीहरूको भनाइ छ ।

समस्या लिएर पटक-पटक दूतावास जाँदा दूतावासले पर्खिनुस्, चिन्ता नगर्नुस् भनेपनि नेपाल फर्काउने कुनै पहल नगरेको उनीहरूको आरोप छ । दूतावासले घर फर्किने कामदारको सूचीमा नाम समावेश गरेका मध्ये कतिपय कामदारले रकमको अभावमा ४ वटा फ्लाईट छुटाइसकेका छन् । महोत्तरीका नरेन्द्र सरवरीयालाई कम्पनीले पासपोर्ट दिएको छ । तर उनीसँग साथमा एक रियालपनि छैन ।

घरको स्थिति जहाज टिकटका लागि पैसा पठाउने अवस्थामा छैन, गला अवरूद्ध पार्दै सरवरीयाले आफ्नै शैलीमा भने, ' हामी पैसा नभएको मान्छे कसरी जाने ? एम्बेसीले घरबाट रकम मगाउन भनेको छ । आज खाए भोलिदेखि खाने केही छैन । म कसरी रकम जुटाउँ । चिनापर्चीको साथीसँग दश-बीस रियाल मागेर खाएका छौं ।'

विदेशमा अलपत्र परेका कामदारहरूको पक्षमा काम गरिरहे को संस्था पिएनसीसीका सोम सापकोटा सरकारको काम प्रभावकारी नभएको कारण कोरोनाका कारण रोजगारी गुमाएका कामदारहरूले असह्य पीडा खप्नु परेको बताउँछन् । साउन ५ गते कामदारको उद्धार गर्ने निर्देशिका जारी भएपनि हालसम्म मलेसियामा अलपत्र परेका ८६ जना कामदारहरूले मात्र त्यस अन्तर्गत घर फर्किने सुविधा पाएको सापकोटाले बताए ।

उद्धारका लागि बनाइएको निर्देशिकाको प्रक्रिया नै झन्झटिलो रहेको कारण समस्यामा परेका कामदारहरूले राहत पाउन कठिन रहेको उनको भनाइ छ । सो अन्तरक्रिया कार्यक्रमको संयोजन वैदेशिकरोजगार पत्रकार समाजका अध्यक्ष हरिबहादुर थापाले गरेका थिए ।

स्रोत : वैदेशिक रोजगार पत्रकार समाजको अन्तर्क्रिया कार्यक्रम



# ओमानमा नेपाली दूतावासको आफ्नै भवन बन्ने

नेपाली राजदूतावास तथा नियोग प्रमुखको आवासीय भवन निर्माणार्थ नेपाल सरकार र ओमान सरकारबीच जग्गा प्राप्ति सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । ओमानको परराष्ट्र मन्त्रालयमा मंगलबार कार्यक्रमको आयोजना गरी उक्त सम्झौतामा हस्ताक्षर भएको ओमानस्थित नेपाली दूतावासले जनाएको छ । नेपाली दूतावास भएका देशहरूमा आफ्नै भवन बनाउने नेपाल सरकारको नीति बमोजिम मस्कटमा दूतावासको आफ्नै भवन बनाउनका लागि जग्गा प्राप्तिको पहिलो काम सम्पन्न भएको दूतावासले एक विज्ञप्ति मार्फत जनाएको छ ।नेपाल सरकारको तर्फबाट ओमानका लागि नेपाली राजदूत सर्मिला पराजुली ढकाल र ओमानको तर्फबाट परराष्ट्र मन्त्रालयका सचिव मोहम्मद विन नासिर विन मोहम्मद अल वहेबिले उक्त सम्झौतामा हस्ताक्षर गरेका छन् ।

सम्झौता अनुरूप ओमानको कूटनीतिक हाताभित्र ४ हजार १ सय वर्गमिटर क्षेत्रफलको जग्गा २० वर्षलाई लिजमा लिइएको छ भने उक्त अवधि पश्चात् आपसी सहमतिमा सम्झौताको अवधि बढाइनेछ । हस्ताक्षर कार्यक्रममा नासिरले नेपाल लगायत सम्पूर्ण मुलुकहरूसँग आफ्नै मुलुकले प्रगाढ सम्बन्ध राख्ने परराष्ट्र नीति लिएको बताउँदै नेपालसँगको सम्बन्धको विशेष महत्व रहेको बताउनुभयो । उहाँले जग्गा प्राप्ति सम्बन्धी सम्झौतामा नेपालसँग हस्ताक्षर भएकोमा नेपाली पक्षलाई बधाई दिँदै आगामी दिनमा समेत यस्तो सहकार्यका लागि ओमान सरकारको तर्फबाट प्रतिबद्धता जनाएको दूतावासले जनाएको छ । उहाँले नेपाल र ओमानबीच द्विपक्षीय व्यापार, लगानी, पर्यटनलगायतका क्षेत्रमासमेत आगामी दिनमा सहकार्य बढाउँदै लैजानुपर्ने धारणा राखेका छन् । खाडी क्षेत्रमा ओमानको आफ्नै छुट्टै पहिचान र अस्तित्व रहँदै आएको छ । क्षेत्रीय शान्ति र विकासमा ओमानको भूमिकाको विश्वले सराहना गर्दै आइरहेको नेपाली दूतावासले जनाएको छ । समग्र खाडी क्षेत्रमै ओमानको उपस्थिति एक शान्तिप्रेमी राष्ट्रको रूपमा रहेको र ओमानको खाडी र हर्मुज स्ट्रेटजस्तो रणनीतिक तथा व्यपारिक मार्गसँग प्रत्यक्ष सरोकार राख्ने ओमानको भविष्यगत रणनीति र दीर्घकालीन योजनाले पनि यस उक्त राज्यसँगको दीर्घकालिन सुमधुर सम्बन्ध स्थापित गर्नु नेपालका लागि सामरिक तथा रणनीतिक हिसाबले पनि महत्वपूर्ण हुने दूतावासको भनाइ छ । दूतावासको आफ्नै भवन हुनुले पनि ओमानलगायत समग्र खाडी क्षेत्रमा नेपालको दीर्घकालीन सम्बन्ध राख्न चाहेको सकारात्मक सन्देश जाने भन्दै राजदूत ढकालले खाडी क्षेत्रमा रहेका करिब १५ लाख नेपालीहरूको सुरक्षा तथा स्थायीत्वमा योगदान दिने बताउनुभयो । यो सम्झौतासँगै समग्र खाडी क्षेत्रमा आफ्नै भवन हुने पहिलो नेपाली दूतावास हुने दिशामा नेपाली दूतावास अघि बढ्ने भन्दै राजदूत ढकालले आफ्नै भवन हुँदा दूतावासको वर्षेनी घर भाडामा हुने खर्चमा व्यापक कटौती भई दिर्घकालिन रूपमा मुलुकलाई आर्थिकरूपमा समेत बोझ कम हुने बताउनुभयो । विदेशी राजधानीमा नेपाली दूतावासको आफ्नै मौलिक एवं कलात्मक भवन हुनु देशकै लागि एक गर्वको विषय भन्दै उक्त भवनको निर्माणपश्चात् ओमानमा बस्ने नेपालीहरूलाई पनि दैनिक सेवा लिन थप सहज हुने दूतावासको विश्वास रहेको उहाँको भनाई छ । उक्त भवनबाट नेपाली उत्पादनहरूको प्रदर्शनीलाई स्थायी तथा बृहत बनाई व्यपार तथा पर्यटन प्रवर्द्धनमासमेत थप योगदान पुर्‍याउने दूतावासको योजना रहेको दूतावासले जनाएको छ । हस्ताक्षर कार्यक्रममा परराष्ट्र मन्त्रालय ओमानका अन्य पदाधिकारीहरु तथा नेपाली दूतावासका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।



# अन्तर्राष्ट्रिय श्रम बजारमा २८ लाख १२ हजार नेपाली

अन्तर्राष्ट्रिय श्रम बजारमा २८ लाख १२ हजार नेपालीहरु रहेको तथ्यांक सार्वजनिक भएको छ । राष्ट्रिय मानव अधिकार आयोगले साउन २९ गते सार्वजनिक एक अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै वैदेशिक रोजगारीमा रहेका कामदारको यो तथ्यांक बाहिर ल्याएको हो । काठमाडौंस्थित अनुसन्धान संस्था सोसल साइन्स अन्तर्गतको सेन्टर फर स्टडी अफ लेबर एन्ड मोबिलिटीले नेपाल श्रमशक्ति सर्वेक्षण २०७५ को प्रारम्भिक तथ्यांकका आधारमा यो संख्या निकालेको मानव - अधिकार आयोगले जनाएको छ ।

अध्ययनका अनुसार वैदेशिक रोजगारीमा सबैभन्दा बढी नेपाली भारतमा ९ लाख ६९ हजार छन् । त्यस्तै, मलेसियामा ४ लाख ६८ हजार र कतारमा ४ लाख ३६ हजार नेपालीले काम गरि रहेको पनि अध्ययनले देखाएको छ ।

कोभिड-१९ महामारीका कारण १६ लाख नेपालीहरु नेपाल फर्कन सक्नेसमेत आयोगको यो अध्ययनले देखाएको छ । वैदेशिक रोजगारीका लागि मलेसिया र खाडी लगायतका मुलुक गएका श्रमिकमध्ये करिब ९ लाख र अध्ययन, व्यापार-व्यवसाय लगायतका लागि विभिन्न मुलुक गएका ७ लाख नेपाली हरु तत्कालै फर्कन सक्ने आयोगको 'कोभिड-१९ महामारीको चपेटामा नेपाली आप्रवासी श्रमिकहरूको अधिकार' विषयक अध्ययनले देखाएको हो ।

श्रम स्वीकृति तथा करार अवधि समाप्त भएका, करार अवधिभित्रमा कोरोनाका कारण रोजगारी गुमाएका, आममाफी पाएका, अध्ययन, घुमघाम र भेटघाटका लागि विदेश गएर अलपत्र परेका नेपालीहरु स्वदेश फर्कने देखिएको हो ।अध्ययनका अनुसार पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका तर रोजगारी गुमाई ५ लाख नेपालीहरु स्वदेश फर्कनसक्छन्।

त्यस्तै, रोजगार अवधि सकिएका तर लकडाउन भएका कारण आउन नपाएका श्रमिक ३५ हजार छन्, जो तत्कालै नेपाल फर्कन चाहन्छन् । नयाँ श्रम स्वीकृति लिई रोजगारीमा गएका, तर करार अवधिभित्रमा कोरोनाका कारण रोजगारी गुमाएका ३ लाख, पुनः श्रम स्वीकृति लिई रोजगारीमा गएका, तर रोजगारी गुमाएका १० हजार, आममाफी पाएका २५ हजार श्रमिक फर्कन सक्ने आयोगको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, श्रम अवधिभित्र रहेका, रोजगारीमा समस्या नभए पनि स्वेच्छिक रुपमा स्वदेश फर्कने २० हजार र अध्ययन, घुमघाम र भेटघाटका लागि विदेश गएर अलपत्र परेका ७ लाख नेपाली स्वदेश फर्कनसक्ने पनि प्रतिवेदनमा उल्लेख छ । मानवअधिकार आयोगका सदस्य तथा यो अध्ययनका संयोजक सुदीप पाठकका अनुसार यो वैदेशिक रोजगार बोर्डले उपलब्ध गराएको विवरणका आधारमा यो तथ्यांक निकालिएको हो । महामारीका कारण नेपालमा लकडाउन सुरू भएपछि गत असारसम्ममा १ लाख ७२ हजार ५ सय नेपाली श्रमिकको श्रम स्वीकृतिको अवधि समाप्त भएको आयोगको अध्ययन प्रतिवेदनले देखाएको छ । प्रतिवेदनअनुसार खाडी मुलुकमा १ लाख ३९ हजार १ सय ५० नेपाली श्रमिकको श्रम स्वीकृतिको समय सकिएको छ भने मलेसियामा २२ हजार ४ सय २५ र अन्य मुलुकमा १० हजार ९ सय २५ श्रमिकको श्रमको अवधि सकिएको छ । अध्ययनअनुसार हरेक दिन औसत १५ सय नेपाली श्रमिकको श्रम स्वीकृति समाप्त हुन्छ । लकडाउनकै अवधिमा रोजगार अवधि सकिएका कामदार ओमानमा १८ सय ४० छन । बहराइनमा २ हजार ७ सय ६०, कुवेतमा ८ हजार ५ सय १०, युएईमा ३९ हजार ९ सय ५, साउदी अरबमा ३७ हजार ६ सय ५, कतारमा ४८ हजार ५ सय ३० जना कामदार श्रम अवधि सकिएर पनि उतै बस्न बाध्य छन् । यस्ता कामदारको संख्या मलेसियामा २२ हजार ४ सय २५ र अन्य देशमा १० हजार ९ सय २५ छ । श्रम स्वीकृतिको अवधि सकिएका श्रमिक नेपाल फर्कन नपाउँदा ठूलो जरिवाना र सजाय भोग्नुपर्ने हुन सक्ने आयोगले बताएको छ ।

> *अध्ययनका अनुसार पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका तर रोजगारी गुमाई ५ लाख नेपालीहरु स्वदेश फर्कन सक्छन् । त्यस्तै, रोजगार अवधि सकिएका तर लकडाउन भएका कारण आउन नपाएका श्रमिक ३५ हजार छन्, जो तत्कालै नेपाल फर्कन चाहन्छन् ।*

# गैरआवासीय नेपाली संघले विदेशमा अप्ठेरोमा परेका नेपालीलाई विना भेदभाव उद्धार गर्न सरकारलाई आग्रह

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले विदेशमा अप्ठेरोमा परेका नेपालीलाई विना भेदभाव उद्धार गर्न सरकारलाई आग्रह गरेको छ ।

भाद्र ११ का दिन प्रतिनिधि सभाको महिला तथा सामाजिक समितिले आयोजना गरेको भर्चुअल बैठकमा एनआरएनएका प्रवक्ता डिबी क्षेत्रीले सरकारले उद्धार गर्दा भेदभाव गर्न नहुने बताउनु भएको थियो ।

'अब राज्यले श्रम गरेर आएका र नआएका नभनेर नेपाल फर्काइदिनु पर्यो', उनले भने, 'इलिगल (अवैधानिक रूपमा बसोबास गरेका) हरूलाई सरकारले उद्धार र राहतमा पारेन । जे भए पनि ती नेपाली हुन् ।'

प्रवक्ता क्षेत्रीले विदेशमा अप्ठेरोमा परेका नेपालीको उद्धार गर्न आर्थिक हिसाब किताब गर्न नहुने बताए । 'नेपाली फर्काउँदा १ अर्ब पनि खर्च हुँदैन । यो सरकारले गर्नुपर्छ । राज्यलाई रेमिटेयान्स दिलाएर देश धान्नेहरू सीमामा गएर लड्ने भन्दा कम हुँदैनन् उनले भने ।

विदेशमा घरेलु कामदारका रूपमा रहेका महिलाहरू समस्यामा रहेको भन्दै पहिलो प्राथमकिता उनीहरूलाई दिनुपर्ने क्षेत्रीले बताए । 'सबै महिलाहरू सम्पर्कमा आउन सक्ने अवस्था छैन । संक्रमित भएकाहरू पनि हुन सक्छन् । घरमा संक्रमित हुँदा कामदारहरू पनि संक्रमित भएका हुन्छन' उनले भने ।

नेपाल फर्किएपछि पनि उनीहरूलाई मनोपरामर्श दिनुपर्ने क्षेत्रीले बताउनु भयो । विदेशबाट फर्किएका सबैले कोरोना लिएर आएको जस्तो गरी दुर्व्यवहार गर्न नहुने पनि उहाँले बताउनु भयो ।



# NEPAL SCIENCE FOUNDATION TRUST (NSFT), SCIENCE KNOWLEDGE AND TECHNOLOGY TRANSFER (SK & TT), NRNA ICC-INTIATIVES

## COVID-19 Science based online information sharing program

As COVID-19 crisis deepens, it has also caused severe crises. There seems to be widespread confusions at both the community as well as policy level and lack of a science-based information sharing, and awareness at community level. In light of this, NRNA SK & TT department, Nepal Science Foundation Trust (NSFT) Division hasinitiated a regular fortnight online discussion forum with high profile scholars and expertise from both Diaspora and Nepal to share and exchange ideas and seek their input to mitigate scientifically the COVID crises.This online forum will be held fortnightly as a regular feature for next six months. The first two episodes were held recently and the information was linked and shared in NRNA fb and with local media to further spread this message widely to reach community in all parts of Nepal. Dr Raju Adhikari, Chair NSFT, SK & TT department is the host of the program and please contact the NSFT if you wish to share your expertise in COVID Science R&D, policy and management.







## NSFT, SK & TT Career Webinar

Nepal Science Foundation Trust (NSFT), Science Knowledge and Technology Department (SK & TT), Australia, NRNA is also initiated a career web seminar to risk averse the impact of COVID-19 and help students, early job seekers, and middle career professionals for getting into the Australian job market and career path. The speakers are experienced students and professionals and guest consultant who will share their experiences and give insight information and hold an interactive discussion session. Career webinar program is designed to help prepare student and professionals to understand the changing job market dynamics and provide a necessary support structure and mentor to help find a job.

# गैरआवासीय नेपालीलाई स्वदेश फर्कने वातावरण मिलाउन सरकारलाई आग्रह

गैरआवासीय नेपाली संघको कोभिड-१९ उच्चस्तरीय समितिका संयोजक तथा अध्यक्ष कुमार पन्तले विदेशमा रहेका गैरआवासीय नेपालीहरूलाई नेपाल फर्कन सहज वातावरण मिलाउन नेपाल सरकारलाई आग्रह गर्नुभएको छ । पछिल्लो पटक सरकारले शर्तसहित विदेशमा अलपत्र परेका नेपालीहरूलाई स्वदेश ल्याउन उद्धार उडान एवं चार्टर उडान गर्ने निर्णय गर्नु सकारात्मक भएपनि गैरआवासीय नेपालीका सवालमा कुनै सम्बोधन नभएको भन्दै अध्यक्ष पन्तले सो आग्रह गर्नुभएको हो ।

सरकारले स्वदेश फिर्तिमा उचित सम्बोधन नगरिदिंदा अत्यावश्यक कामका लागि नेपाल आउनुपर्ने गैरआवासीय नेपाली समस्यामा परेको उहाँले बताउनुभयो । नेपालमा आफ्न्तको काजकिरीया गर्न जानेदेखि व्यवहारिक कामका लागि नेपाल नगई नहुने गैरआवासीय नेपालीहरूलाई समेत आवश्यक भिसा, सुविधा उपलब्ध गराई नियमित उडान मार्फत नेपाल फर्किने वातावरण मिलाउन संघले सरकारको ध्यानाकर्षण गराउनुभएको हो । संघले सरकारले सशर्त खुल्ला गर्न लागेको अन्तर्राष्ट्रिय नियमित उडानलाई अझ व्यवहारीक र व्यवस्थित गर्न नेपाल सरकार समक्ष आग्रह गरेको हो । यसअघि विदेशमा अलपत्रमध्ये हालसम्म ५१ हजार ४ सय ४१ जनाको उद्धार गरिएको छ ।

गैरआवासीय नेपाली संघ, नेपाली राजदूतावास र कूटनीतिक नियोगबीचको सहकार्यमा कोरोना भाइरसका कारण जारी लकडाउनका कारण विदेशमा अलपत्र नेपालीको उद्धार गरिँदै आएको छ । विभिन्न ३० मुलुकमा भएको ३२७ उडानमार्फत उनीहरूलाई उद्धार गरिएको हो । गैरआवासीय नेपाली संघका अनुसार मध्यपूर्वका देशमाअझै १ लाख भन्दा बढी नेपाली उद्धारको पर्खाइमा छन् ।

# साउदीको रियाद र दमामबाट काठमाडौंका लागि चार्टर्ड उडान तय

साउदी अरबबाट काठमाडौंका लागि २ वटा चार्टर्ड उडान तय भएका छन् । रियादस्थित नेपाली दूतावासका अनुसार राजधानी रियादबाट नेपाल एयरलाइन्स र दमामबाट हिमालय एयरलाइन्सले २६ अगष्ट बुधबारका दिन उडान भर्ने भएका हुन् ।

यसअघि दूतावासबाट विभिन्न मितिमा प्रकाशित सूचिमा नाम समावेश भएर टिकट खरिद र बुकिङ गरेका यात्रुहरूलाई सम्बन्धित एयरलाइन्समा सम्पर्क गर्न दूतावासले अनुरोध गरेको छ ।

त्यस्तै कोरोनाको संक्रमण नभएको नेगेटिभ रिपोर्ट अनिवार्य रूपमा साथमा राख्नुपर्नेछ ।

गैरआवासीय नेपाली संघ
सुवर्ण सम्शेर मार्ग बालुवाटार, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: ११८९
फोनः ०१-४४११५३०/४४२६००५
ईमेलः info@nrna.org
वेबसाइटः www.nrna.org

**प्रधान सम्पादक**
डि. बि. क्षेत्री

**सम्पादक**
हेमन्त काफ्ले

**सम्पादन समुहः**
होम लम्साल
बसन्त रानाभाट
मेघराज सापकोटा
चिरन शर्मा

# NRNA HIGH LEVEL COMMITTEE ON CORONA PANDEMIC MITIGATION

| Position | Name | Affiliation | Country |
|---|---|---|---|
| Advisor | Mr Gagan Thapa | Former Minister of Health and Population | Nepal |
| Advisor | Dr Gangalal Tuladhar | Former Minister of Education & Disaster Management Expert | Nepal |
| Chair | Kumar Panta | President | Germany |
| Member | Dr. Badri K.C. | Vice President | Russia |
| Member | Arjun Kumar Shrestha | Vice President | Belgium |
| Member | Mana K.C. | Vice President | Australia |
| Member | Sonam Lama | Vice President | USA |
| Member | Rabina Thapa | Vice President - Women | USA |
| Member | Dr. Hem Raj Sharma | General Secretary | UK |
| Member | Gouri Raj Joshi | Secretary | USA |
| Member | R.K. Sharma | Secretary | Qatar |
| Member | Mahesh Kumar Shrestha | Treasurer | Japan |
| Member | Lok Prasad Dahal | Joint Treasurer | Belgium |
| Member | D.B Chettri | Spokesperson | Oman |
| Member | Bhoma Devi Limbu | Women Coordinator | Australia |
| Member | Himal Gurung | Youth Coordinator | Netherlands |
| Member | Dr Sanjeeb Sapkota | Chair, NRNA Health Committee | USA |
| Member | Dr Drona Rasali | Director, Population H Surveillance & Epidemiology, Provincial Health Services Authority, British Columbia | Canada |
| Member | Dr Alini Subedi | Central Clinical Hospital of Interior Ministry, Warsaw, Poland. | Poland |
| Member | Dr Kush Shrestha | President, Aussie Nepal Foundation | Australia |
| Member | Prof Dr Padam Simkhada | Global Public Health Expert, University of Huddersfield | UK |
| Member | Dr Puru Shrestha | Senior Public Health advocate | USA |
| Member | Dr Ramesh Kumar Khoju | President, Nepalese Doctors' Association UK | UK |
| Member | Prof Dr Satyan Man Rajbhandari | Health E change Nepal | UK |
| Member | Dr. Shakti Chaurasiya | Nepal Medical Students Society | Nepal |
| Member | Dr Shravan Kumar Mishra | Nepal Government Representative | Nepal |
| Member | Chiran sharma | Media Coordinator | UK |

# गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्का साप्ताहिक गतिविधीहरु

## १०-२३ अगष्ट २०२०

- **१० अगष्ट २०२०:** एनआरएनए आइएलओ परियोजनाको बैठक सम्पन्न । मुख्यतया परियोजनाका कार्यहरू बारे छलफल
- **१० अगष्ट २०२०:** दोश्रो विज्ञ सम्मेलन आयोजनाका बारेमा बैठक । मुख्यतया बैठकको कार्यतालिका साथै अन्य शत्रहरू बारे छलफल ।
- **१२ अगष्ट २०२०:** स्मार्ट एनआरएन समितिको बैठक सम्पन्न । मुख्यतया संघको वेभसाइटको अपडेट बारेमा छलफल ।
- **१८ अगष्ट २०२०:** संघले १० हजार मेडिकल सर्जिकल मास्क काठमडौंमा रहेका होल्डिङ्ग सेन्टरहरूलाई सहयोग हुने गरी कोभिड १९ जोखिम व्यवस्थापन समितिलाई हस्तान्तरण गर्ने कार्य सम्पन्न ।
- **१९ अगष्ट २०२०:** एनआरएनए आइएलओ परियोजनाको बैठक सम्बन्धित परियोजना संचालन हुने मुलुकहरूसंग सम्पन्न । मुख्यतया परियोजनाका कार्यहरू बारे छलफल ।
- **२१ अगष्ट २०२०:** एसिया प्रशान्त युवा फोरमद्वारा आयोजना गरिएको पहिलो युवा वक्तित्वकला प्रतियोगिता र अब आयोजना गरिने एशिया प्रशान्त क्षेत्रिय बैठक बारे छलफला ।
- **२२ अगष्ट २०२०:** संघको ७४औं अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठक सम्पन्न । मुख्यतया बैठकमा संघको साधारण सभा, सदस्यता, महाधिवेशन प्रतिनिधि र निर्वाचन प्रणालीमा केन्द्रित रहेको थियो ।
- **२३ अगष्ट २०२०:** स्मार्ट एनआरएनए समितिको बैठक सम्पन्न । मुख्यतया अनलाइन निर्वाचन प्रणाली र अन्य सरोकारका विषयमा छलफल ।
- **२३ अगष्ट २०२०:** दोश्रो विज्ञ सम्मेलन आयोजना लागि गठित टिमको बैठक सम्पन्न । मुख्यतया यसको तयारी सम्बन्धमा छलफल ।
- **२३ अगष्ट २०२० :** युरोप क्षेत्रीय महिला फोरमको बैठक सम्पन्न । मुख्यतया युरोप क्षेत्रका गतिविधिहरू, परियोजनाहरू र अन्य महिला सम्बन्धी सरोकारका विषयमा छलफल ।

